# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ५ गते २०२६ साल

### श्री ५ को सरकार
### सञ्चार मन्त्रालयको
### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कोशी अञ्चल, जिल्ला सुनसरी धरान नगर पञ्चायत वार्ड नं. ४ को जग्गा माइक्रोवेभ तथा स्थानीय टेलिफोन एक्सचेन्ज भवन बनाउनको लागि प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व सडक, पश्चिम यज्ञप्रसाद रेग्मीको घर, उत्तर जगतप्रसाद रेग्मीको घर, दक्षिण टेलिफोन अफिस र रणमर्दनको घर यति ४ किल्लाभित्रको कि.नं. २४० रे. नं. २०६ को मालपोत रू. ५।१२ लागेको १ कट्ठा १ धुर, कि. नं. २३९।२४१ रे. नं. २०५ को मालपोत रू. ८।२ लागेको जग्गा १ कट्ठा १०½ धुर रे. नं. ६६३ को पोत रू. २३।४० लागेको जग्गा १२ कट्ठामध्ये १४½ धुर समेत जम्मा जग्गा ३ तीन कट्ठा ६ छ धुरको कित्ता – – – – – – – १

आज्ञाले–

चित्रबहादुर के. सी.

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र-लागु हुनेछ।